नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२
चलानी नं.:- ३५४

मिति: २०८२/२/१६

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषय:- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सम्बन्धमा ।

श्री गाउँ/नगरपालिका (सबै ७५३)

गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चितता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजना तेस्रो (आ.व. २०८१/०८२-२०८७/०८८) को उद्देश्य हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा पोषण सम्बन्धी कार्यक्रमहरु समावेश गरी कार्यान्वयन हुँदै आएको व्यहोरा अवगतै छ ।

सोही योजनाको कार्यान्वयनमा सहयोग गर्ने गरी युरोपियन युनियन समेत वित्तीय सहयोगमा कार्यान्वयन हुने नेपाल सरकारको बहुक्षेत्रीय पोषण कार्यक्रममा चालु आ.व. २०८१/०८२ को वित्तीय हस्तान्तरणको बजेट फुकुवामा प्राविधिक कारणबस भएको ढिलाईलाई समेत मध्यजनर गर्दै आगामी आ.व. २०८२/०८३ को वित्तीय हस्तान्तरणको खाका तयार भईरहेको व्यहोरा अनुरोध गर्दै गाउँ/नगरपालिकाबाट नेपाल सरकार र युरोपियन युनियनबीच भएको बजेट सम्झौता बमोजिम बहुक्षेत्रीय पोषण योजना सम्बन्धी तोकिएका सूचक हासिल हुनेगरी देहाय बमोजिम कार्यान्वयन व्वस्था हुन अनुरोध छ ।

देहाय:

१. गाउँ/नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा खाद्य तथा पोषण अवस्था सुधारको स्थानीय नीति समावेश गरी नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको साथै स्थानीय तहले अन्य स्रोतबाट समेत बजेट विनियोजन गरी बहुक्षेत्रीय पोषण कार्यक्रम शिर्षक र सो सम्बन्धी कार्यक्रम लाई समावेश गर्ने ।
२. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पोषण सुधारका लागि सामाजिक व्यवहार परिवर्तनसँग सम्बन्धित क्रियाकलाप समेतलाई प्राथमिकतामा राख्ने ।

2/16
(दीप्रेश कट्टेल)
शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री राष्ट्रिय योजना आयोग: जानकारीको लागि ।
श्री प्रदेश नीति/योजना आयोग (सबै): जानकारीको लागि ।
श्री जिल्ला समन्वय समिति (सबै): आवश्यक सहयोग र सहजीकरण हुन ।
श्री युनिसेफ नेपाल: आवश्यक प्राविधिक सहयोग हुन ।
श्री सूचना प्रविधि शाखा, सं.मा.तथा सा.प्र.म.: वेबसाईटमा अपलोड गरिदिनुहुन ।